नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई
सिन्धुपाल्चोक

फोन:+977-11-620125 (सिन्धुपाल्चोक)
इमेलः pmamp.piu.sindhupalchok@gmail.cc
बेवसाइटः piusindhupalchowk.pmamp.gov.n

पत्र संख्याः-२०८१/८२

सुरेन्द्र प्रसाद पोखरेल
बरिष्ठ कृषि अधिकृत

## सम्पति तथा मालसामानको लिलाम बढाबढको सूचना

**सूचना नः-०१**

**प्रथम पटक प्रकाशित मितिः- २०८२/०१/२२**

यस कार्यालयमा रहेका तपसिल बमोजिमका सम्पति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इन्छुक व्यक्ति, फर्म संस्था वा कम्पनीहरुले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र नगद धरौटी सहित निवेदन दिनुहुन यो लिलाम बढाबढ आह्वान गरिएको छ ।

(१) लिलाम विक्रि गर्ने सम्पति तथा मालसामानको विवरणः- कम्प्युटर, प्रिन्टर, मोवाईल, टेवल, कुर्सी लगायतका २७ प्रकारका जिन्सी सामानहरु (विस्तृत विवरण कार्यालयमा आई बुझ्न र हेर्न सकिने ))।

(२) लिलाम बढाबढ हुने स्थान, समय र मितिः-

(क) परियोजना व्यवस्थापन एकाई, सिन्धुपाल्चोक (ख) मितिः- २०८२/०१/२९ (ग) बिहान ११:०० बजे

(३) लिलाम बढाबढ यस कार्यालयले तोकेको न्यूनतम लिलाम विक्रि मूल्यबाटै सुरु हुनेछ ।

(४) लिलाम सकार गर्न डाँक बोल्नु अघि नै न्यूनतम मूल्य रु.९६१४ को ५% ले हुने रु.४८१ ।- नगद धरौटी राख्नुपर्नेछ।

(५) प्रत्येक पटक डाँक बोल्न चाहने व्यक्तिवाट डाँक बढ्दैं गएमा सोही अनुपातमा थप मूल्यको ५% हुने गरी नगद धरौटी बुझाउदै जानुपर्नेछ ।

(६) लिलाम बढाबढ हुने सम्पति तथा मालसामान हेर्न चाहने व्यक्ति वा संस्थाले कार्यालय समय ११:०० बजेदेखि ०२:०० बजेसम्म प्रशासन शाखामा सम्पर्क गरी हेर्न सकिनेछ ।

(७) लिलाम सकार गरेको सम्पति तथा जिन्सी मालसामान सम्झौता भएको मितिले सात दिनभित्र उठाई लैजानुपर्नेछ ।

(८) लिलाम बढाबढ हुने दिन सार्वजनिक विदा पर्न गएमा सो लगत्तै खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बढाबढ हुनेछ ।

(९) अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।